# कर बुलेटिन
Tax Bulletin

http://www.ird.gov.np आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष ५, अङ्क १, २०७४ जेठ-साउन, Year 5, Issue 1, June-August 2017


## राजस्व संकलन २६ प्रतिशतले वृद्धि

आर्थिक वर्ष २०७४/०७५ साउन महिनाको राजस्व संकलनको लक्ष्य रु. २२ अर्ब ९० करोड ९० लाख ६३ हजार रहेकोमा रु. २१ अर्ब ५३ करोड ७९ लाख ७० हजार संकलन भई लक्ष्यको तुलनामा ९४

| २०७४/७५ साउनसम्मको प्रगति रु हजारमा | | | | | |
|---|---|---|---|---|---|
| शीर्षक | वार्षिक लक्ष्य | २०७४ साउन महिनासम्मको लक्ष्य | २०७४ साउन महिनासम्मको प्रगति | प्रगति प्रतिशतमा | वृद्धिदर प्रतिशतमा |
| आयकर | १४९७१६९९५ | ७४८५८५० | ६३०१४०६ | ८४ | १५ |
| वहालकर | ४९११९८७४ | ३४४३९१ | ४४८९७६ | १३० | २६ |
| व्याजकर | १२५६०६९७ | २३८६५३२ | २७४००७६ | ११५ | ७१ |
| आयकर जम्मा | १६७१९७५६६ | १०२१६७७३ | ९४९०४५८ | ९३ | २७ |
| मू.अ.कर | ७३८५३९६५ | ८८६२४७६ | ८१८१४२३ | ९२ | २६ |
| अन्त:शुल्क | ५६६००२७६ | ३३९६०१७ | ३५३८६८८ | १०४ | २४ |
| शिक्षा सेवा शुल्क | ९९१५३५ | १२८९०० | ११४५७५ | ८९ | १५ |
| स्वास्थ्य सेवा शुल्क | १२७०४०३ | ३०४८९७ | २१२८२६ | ७० | २९ |
| जम्मा | २९९९१३७४५ | २२९०९०६३ | २१५३७९७० | ९४ | २६ |

प्रतिशतको प्रगति भएको छ भने गत वर्षको तुलनामा २६ प्रतिशतले वृद्धि भएको छ। शिर्षकगत रूपमा हेर्दा आयकर तर्फ रु. ९ अर्ब ४९ करोड ४ लाख ५८ हजार, मूल्य अभिवृद्धि कर रु. ८ अर्ब १८ करोड १४ लाख २३ हजार र अन्त:शुल्क तर्फ रु. ३ अर्ब ५३ करोड ८६ लाख ८८ हजार संकलन भएको छ। सो रकम लक्ष्यको तुलनामा आयकर तर्फ ९३ प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फ बाँकी १४ पेजमा....

## महानिर्देशक श्री किशोर जङ्ग कार्कीद्वारा कर्मचारीहरुलाई निर्देशन



महानिर्देशक श्री किशोर जङ्ग कार्कीको स्वागत गर्नुहुँदै उपमहानिर्देशकहरु श्री चन्द्रकला पौडेल, श्री राजेन्द्रकुमार पौडेल र श्री धनीराम शर्मा

काठमाडौं। आन्तरिक राजस्व विभागका महानिर्देशक श्री किशोर जङ्ग कार्कीले साउन ५ गते विहीवारबाट पदभार ग्रहण गर्नु भएको छ।

विभागमा आयोजित कार्यक्रममा महानिर्देशक श्री कार्कीले स्वागत कार्यक्रम आयोजना गरेकोमा हार्दिक आभार व्यक्त गर्नुभयो। आन्तरिक राजस्व विभागको कार्य अत्यन्तै महत्वपूर्ण रहँदै आएको बताउनुहुँदै ७ सय ३० अर्बको कूल लक्ष्यमा विभागलाई प्राप्त भएको ३ सय अर्ब संकलन गर्नुपर्ने चुनौति विभाग सामु रहेको बताउनुभयो।

गत आर्थिक वर्षमा १११ प्रतिशत राजस्व संकलन गर्न सफल भएकोमा कर प्रशासनलाई हृदयदेखि नै धन्यवाद तथा वधाई ज्ञापन गर्दछु भन्नुभयो। आन्तरिक राजस्व विभागको छविलाई उच्च बनाउँदै सवै लक्ष्य पूरा गर्नुपर्ने चुनौति रहेको बताउनुहुँदै कर प्रशासनसँग अवसर पनि रहेको बताउनुभयो।

सवैलाई नीति नियम, निर्देशिका कार्यान्वयन गर्न सक्ने हामीसँग क्षमता पनि छ भन्नुहुँदै नेपाल सरकार अर्थ मन्त्रालयले जुन जिम्मेवारी दिएको छ त्यो पूरा गर्न तपाईंहरु सक्षम हुनुहुन्छ भन्नुभयो। राजस्व प्रशासनलाई बुझेका सक्षम जनशक्ति भएकाले हामी एक टिम भएर अघि बढ्ने छौं भन्नुहुँदै विभागले गर्नुपर्ने भूमिका छिटो छरितो हुने बताउनुभयो।

लक्ष्यहरु पूरा गर्ने सम्बन्धमा कर प्रशासन कानुन सम्मत ढंगले लागि पर्नुपर्ने बताउनुहुँदै हामीले गर्ने व्यवहार सम्मानित हुनुपर्ने उहाँको भनाई थियो। करदातालाई स्वेच्छिक कर दाखिला गर्ने वातावरण बनाउनेछौं भन्नुहुँदै सदाचारलाई बाँकी ३ पेजमा....

### यसभित्र


उपमहानिर्देशक श्री धनीराम शर्माको विदाई तथा शुभेच्छा — पृष्ठ ४

अन्त:शुल्कका दरहरुमा ८ देखि १० प्रतिशतसम्म वृद्धि — पृष्ठ ५

तोकिएको लक्ष्य पूरा गर्न महानिर्देशक कार्कीको निर्देशन — पृष्ठ १०



# महानिर्देशकको सन्देश

कर कानुनको कार्यान्वयन र पालनामा उद्योगी, व्यावसायी, पेशाकर्मी, लगायत सम्पूर्ण सरोकारवालाहरूको सक्रिय सहभागिताको अपेक्षा गर्दछु । करको दायरामा नआएका व्यक्ति तथा निकायलाई करको दायरामा आई कर कानूनको परिपालनामा सघाउ पुऱ्याउन तथा करको दायरामा आएर पनि कर सहभागिता नगर्ने वा कम गर्ने व्यक्ति तथा निकायलाई सक्रिय सहभागिताको लागि आग्रह गर्दछु ।

आर्थिक वर्ष २०७४/०७५ साउन महिनाको राजस्व संकलनको लक्ष्य रू. २२ अर्व ९० करोड ९० लाख ६३ हजार रहेकोमा रू. २१ अर्व ५३ करोड ७९ लाख ७० हजार संकलन भई लक्ष्यको तुलनामा ९४ प्रतिशतको प्रगति भएको छ भने गत वर्षको तुलनामा २६ प्रतिशतले वृद्धि भएको छ । शिर्षकगत रूपमा हेर्दा आयकर तर्फ रू. ९ अर्व ४९ करोड ४ लाख ५८ हजार, मूल्य अभिवृद्धि कर रू. ८ अर्व १८ करोड १४ लाख २३ हजार र अन्तःशुल्क तर्फ रू. ३ अर्व ५३ करोड ८६ लाख ८८ हजार संकलन भएको छ । सो रकम लक्ष्यको तुलनामा आयकर तर्फ ९३ प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फ ९२ प्रतिशत र अन्तशुल्क तर्फ १०४ प्रतिशत हो । त्यसैगरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर क्रमशः रू. ११ करोड ४५ लाख ७५ हजार र रू. २१ करोड २८ लाख २६ हजार संकलन भएको छ । शिक्षा सेवा शुल्क तर्फ लक्ष्यको तुलनामा ८९ प्रतिशत र स्वास्थ्यसेवा कर तर्फ लक्ष्यको तुलनामा ७० प्रतिशत संकलन भएको छ । गत वर्षको तुलनामा आयकर वृद्धिदर २७ प्रतिशत, मूल्य अभिवृद्धि कर वृद्धिदर २६ प्रतिशत, अन्तशुल्कको वृद्धिदर २४ प्रतिशत, स्वास्थ्य सेवा कर वृद्धिदर २९ प्रतिशत र शिक्षा सेवा शुल्क वृद्धिदर १५ प्रतिशत रहेको छ ।

आन्तरिक राजस्व विभागलाई आर्थिक वर्ष २०७४/७५ का लागि २ खर्व ९९ अर्व ९१ करोड ३७ लाख ४५ हजार राजस्व असुलीको लक्ष्य प्राप्त भएको छ । चुनौतिपूर्ण रहेको यो लक्ष्य हासिल गर्न कर प्रशासनमा संलग्न सम्पूर्ण कर्मचारीहरूले अहोरात्र अथक प्रयास गर्नुपर्ने व्यहोरा सवैलाई अवगतै छ । नेपालको संविधान कार्यान्वनयको क्रममा रहेको र स्थानीय तहको दुई चरणको चुनाव सम्पन्न भई जनताबाट निर्वाचित जनप्रतिनिधिहरूले कार्यभार सम्हालि सकेको अवस्था छ भने स्थानीय तहको तेस्रो चरणको चुनावको तयारी तीव्र गतिमा भइरहेको छ । त्यसैगरी प्रदेश र संघको चुनावको मिति तय गरी सरकारले निर्वाचन आयोगमा चुनावको मिति घोषणाका लागि सिफारिस गरिसकेको अवस्था छ । प्रदेश र संघको चुनाव सम्पन्न भएपछि संविधान कार्यान्वयनको चरण पूरा हुन जान्छ । तसर्थ स्थानीय तह, प्रदेश र संघीय संरचना अनुसार कार्य सम्पादन गर्न अत्याधिक श्रोत साधनको आवश्यकता पर्दछ । बढी भन्दा बढी राजस्व असुलीबाट मात्र श्रोत साधनको आवश्यकता पूरा गर्न सकिने हुँदा कर चुहावटलाई नियन्त्रण गर्दै राजस्व परिचालनमा प्रतिवद्ध भई लक्ष्य प्राप्तिका लागि इमान्दारितापूर्वक र सक्रियताका साथ अग्रसर रही कार्य गर्न अनुरोध गर्दछु ।

कर कानुनको कार्यान्वयन र पालनामा उद्योगी, व्यावसायी, पेशाकर्मी, लगायत सरोकार वालाको आम सक्रिय सहभागिताको अपेक्षा गर्दछु । करको दायरामा नआएका व्यक्ति तथा निकायलाई करको दायरामा आई कर कानूनको परिपालनामा सघाउ पुऱ्याउन तथा करको दायरामा आएर पनि कर सहभागिता नगर्ने वा कम गर्ने व्यक्ति तथा निकायलाई सक्रिय सहभागिताको लागि आग्रह गर्दछु ।

विभाग र कार्यालयहरूलाई तोकिएको लक्ष्य प्राप्त गर्न ठोस कार्य योजना सहित कार्यालयगत व्यावसायिक कार्य योजना तयार गरी लक्ष्य उन्मुख भई कानुनको पालना र कार्यान्वयनमा लाग्न सवैमा आग्रह गर्दै अनुशासन र सदाचार पद्दतिलाई जीवन पद्दतिको अभिन्न अंगको रूपमा विकास गर्न समेत अनुरोध गर्दछु ।

२०७४ साउन

**किशोर जङ्ग कार्की**
महानिर्देशक

१ पेजको बांकी... आत्मसात गर्न निर्देशन दिनुभयो । बिल बिजक, जारी नगर्ने, कर नतिर्ने, कर तिर्न अटेर गर्ने करदातालाई कारवाही गर्ने चेतावनी समेत दिनुभयो। कार्यालयहरुको नियमित अनुगमत गरिने बताउनुहुँदै तत्काले केही सुधार गर्नुपर्ने विषयहरु भए तत्कालै पठाउन कार्यालय प्रमुखहरुलाई निर्देशन दिनु भएको थियो ।

कार्यक्रममा उपमहानिर्देशक श्री चन्द्रकला पौडेलले महानिर्देशक श्री कार्कीको स्वागत गर्नु भएको थियो। उहाँले स्वागत मन्तव्यका क्रममा आर्थिक वर्षको लक्ष्य र असुलीका बारेमा प्रष्ट पार्नु भएको थियो। चालु आर्थिक वर्षमा ३०० अर्ब संकलन गर्न करका दरहरुमा परिवर्तन नभएकाले चुनौतिहरु रहेको बताउनुभयो । कार्यगत लक्ष्य बनाएर अघि बढेनौं भने पूरा गर्न गाह्रो हुने बताउनुहुँदै कर प्रशासनको मूल्य मान्यतामा पनि प्रश्न उठेको बताउनुभयो। कर प्रशासनको कार्य प्रणाली नै सुधार गर्नुपर्ने, कर्मचारी सरुवामा पद्दति बसाउन जरुरी भएको, तालिमलाई प्राथमिकता दिन नसकिएको जानकारी दिनुहुँदै महानिर्देशक श्री किशोर जङ्ग कार्कीको कार्यकालको सफलताको लागि शुभकामना दिनु भएको थियो ।

कार्यक्रममा उपमहानिर्देशकहरु श्री राजेन्द्रकुमार पौडेल, श्री धनीराम शर्मा, सूचनाप्रविधि विज्ञ श्री प्रेमशरण श्रेष्ठ, विभागका निर्देशकहरु तथा आन्तरिक राजस्व विभागका काठमाडौंस्थित सबै कार्यालयका कार्यालय प्रमुखहरुको उपस्थिति रहेको थियो ।







महानिर्देशक श्री किशोर जङ्ग कार्कीको स्वागतमा आयोजित कार्यक्रममा आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयका प्रमुख कर अधिकृत लगायत अन्य कर्मचारीहरु





# उपमहानिर्देशक श्री धनीराम शर्मालाई विदाई तथा शुभेच्छा





काठमाडौं महानगरपालिकाको कार्यकारी निर्देशकको रुपमा जान लाग्नु भएका आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री धनीराम शर्मालाई साउन ३१ गते विभागको तर्फबाट विदाई तथा शुभकामना कार्यक्रमको आयोजना गरियो ।

कार्यक्रममा महानिर्देशक श्री किशोर जङ्ग कार्कीले उपमहानिर्देशक श्री धनीराम शर्मालाई विदाई भन्दा पनि शुभकामना दिन कार्यक्रम आयोजना गरिएको बताउनुभयो । महानिर्देशक कार्कीले विदाई नियमित प्रकृया भएको बताउनुहुँदै निजामती सेवा ऐनमा सहसचिव भएपछि कुनै पनि महिना र कुनै पनि दिनमा सरुवा हुने भएकाले विदाई अनिश्चित हुने समेत बताउनुभयो । उपमहानिर्देशक श्री शर्माले राजस्व प्रशासनमा १५ वर्ष योगदान गर्नुभएको स्मरण गर्नुहुँदै, अझै महत्वपूर्ण कर्तव्य र अधिकारहरु थपिएका जिम्मेवार पदमा काठमाडौं महानगरपालिक( ाको कार्यकारी निर्देशकको रुपमा जान लाग्नु भएकाले चुनौतिहरुको सामना गर्न सफल हुनुहुनेछ भन्नुभयो ।



महानिर्देशक श्री कार्कीले काठमाडौं महानगरपालिकाले पनि राजस्व उठाउने भएकाले उपमहानिर्देशक श्री धनीराम शर्माको राजस्व प्रशासनको अनुभव त्यस निकायको लागि महत्वपूर्ण हुने बताउनुहुँदै काठमाडौं महानगरपालिका सवै स्थानीय निकायको र चिन्तन रहीरहोस् भन्ने अपेक्षा समेत राख्नु भएको थियो ।

उपमहानिर्देशक श्री चन्द्रकला पौडेलले प्रतिकूल समयमा मिलेर काम गरेको स्मरण गर्नुहुँदै आगामी कार्यकाल सफलताको लागि शुभकामना व्यक्त गर्नुभयो ।

उपमहानिर्देशक श्री धनिराम शर्माले आफ्नो चाहना अनुरुपकै सरुवा भएको बताउनुभयो । आन्तरिक राजस्व विभागमा दश महिना उपमहानिर्देशकको रुपमा काम गरेको बताउनुहुँदै कार्यालयहरुको काम व्यवस्थित गर्न विधागत रुपमा कामहरुलाई कार्य योजना बनाएर गर्न सुझाव दिनुभयो । अनुशासनमा सुधार ल्याउन जरुरी रहेको बताउनुहुँदै उहाँले सरुवालाई व्यवस्थित गर्न पनि सुझाव दिनु भएको थियो ।

कार्यक्रममा आन्तरिक राजस्व विभागमा कार्यरत सवै कर्मचारीहरुको उपस्थिति रहेको थियो ।



# अन्त:शुल्कका दरहरूमा ८ देखि १० प्रतिशतसम्म वृद्धि

अन्त:शुल्क वस्तु तथा सेवाको आन्तरिक उत्पादन तथा पैठारीमा लाग्ने कर हो। करको भार अन्तिम उपभोक्तामा पर्ने भएकाले यो अप्रत्यक्ष कर पनि हो। सिद्धान्तत: मानवीय स्वास्थ्य र वातावरणीय स्वास्थ्यमा प्रतिकूल असर पुऱ्याउने र विलाशिताका वस्तु तथा सेवाहरुमा अन्त:शुल्क लगाइने गरिन्छ। व्यवहारमा नेपाल विश्व व्यापार संगठनको सदस्य भएपछि भन्सार शुल्कको दर घटाउदै लगिएको सन्दर्भमा उक्त शुल्कको क्षतिपूर्ति समेतको लागि पैठारी हुने टेलिभिजन, टेलिफोन, माइक्रोफोन, जंक फुड्स, सिमेन्ट, मार्वल, टाइल्स, फलाम, पेन्ट्स, अप्टिकल फाइवर आदि वस्तुहरुमा पनि अन्त:शुल्क असुल उपर गर्ने गरिएको छ।

अन्त:शुल्क परिमाणगत र मूल्यगत आधारमा लगाइन्छ। मदिराजन्य पदार्थ, चुरोट तथा सूर्तीजन्य पदार्थ एवं फलाम आदिमा परिमाणगत आधारमा र टेलिभिजन, प्लाष्टिकजन्य वस्तु, सवारी साधन आदिमा मूल्यगत आधारमा अन्त:शुल्क लगाइएको छ। अन्त:शुल्क राजस्व चुहावट नियन्त्रणका लागि भौतिक नियन्त्रण प्रणाली र स्वयं निष्काशन प्रणालीमा आधारित अन्त:शुल्क प्रशासन गरिएको छ।

मदिराजन्य पदार्थ, वियर, मोलासेस जस्ता पदार्थको उत्पादन र बिक्री वितरणको प्रशासन भौतिक नियन्त्रण प्रणाली अन्तर्गत गरिन्छ भने चुरोट, सूर्तीजन्य वस्तु, टेलिभिजन, सवारी साधन, फलाम, पेन्ट्स, प्लाष्टिकजन्य वस्तुको उत्पादनको प्रशासन स्वयं निष्काशन प्रणाली अन्तर्गत गरिएको छ।

अन्तशुल्क प्रशासन आफैमा जटिल र अर्ध न्यायिक प्रकृतिको हुन्छ। अन्त:शुल्क राजस्वको दर उच्च हुने भएकोले राजस्व चुहावटको संभावना पनि त्यतिकै हुने गर्छ। सरकारको दैनिक राज्य व्यवस्था संचालन र पूँजीगत निर्माणका लागि आवश्यक पर्ने राजस्वको महत्वपूर्ण स्रोत अन्त:शुल्क पनि हो। सरकारले २०७४ जेठ १५ गते जारी गरेको आर्थिक विधेयक, २०७४ बाट भौतिक नियन्त्रण प्रणाली र स्वयं निष्काशन प्रणाली अन्तर्गत प्रशासन हुने मदिराजन्य र सूर्तीजन्य वस्तुहरुमा लाग्ने अन्त:शुल्कमा ८ देखि १० प्रतिशतसम्म वृद्धि गरी राजस्व संकलन गर्ने लक्ष्य राखेको छ। वृद्धि भएको अन्त:शुल्क दरहरु निम्न प्रकारका रहेका छन्।

**आ.व. २०७४।०७५ को लागि परिवर्तित अन्त:शुल्क दर**

| | Types of Goods | Quantity Type | Excise rate for F/S 2073.74 | Excise rate for F/S 2074.75 |
|---|---|---|---|---|
| 1 | 15 up Liquor *(48.5% Alcohol)* | Litre | 912 | 1003 |
| | | L.P.Litre | 1073 | 1180 |
| 2 | 25 up Liquor *(42.79% Alcohol)* | Litre | 680 | 748 |
| | | L.P.Litre | 906 | 997 |
| 3 | 30 up Liquor *(39.94% Alcohol)* | Litre | 634 | 697 |
| | | L.P.Litre | 906 | 996 |
| 4 | 40 up Liquor *(34.23% Alcohol)* | Litre | 321 | 350 |
| | | L.P.Litre | 535 | 583 |
| 5 | 50 up Liquor *(28.53% Alcohol)* | Litre | 132 | 144 |
| | | L.P.Litre | 265 | 288 |
| 6 | 70 up Liquor *(17% Alcohol)* | Litre | 26 | 28 |
| | | L.P.Litre | 88 | 95 |
| 7 | RS Spirit (in Litre) | Liter | 50 | 55 |
| 8 | ENA Spirit (in Litre) | Liter | 50 | 58 |
| 9 | Denatured Spirit (in Litre) | Liter | 10 | 12 |
| 10 | Un Denatured ethyl Alcohol (in Litre) | Litre | 50 | 55 |
| 11 | Beer made from malt (in Litre) | Liter | 106 | 115 |

| | | | | |
|---|---|---|---|---|
| 12 | स्वदेशमा उत्पादित फलफूल र तिनको सारबाट बनेका १२ प्रतिशत सम्म अल्कोहलको मात्रा भएको स्वदेशी वाईन | Liter | 74 | 80 |
| 13 | cigarette (70 mm non filter) | M | 346 | 374 |
| 14 | cigarette (70 mm filter) | M | 795 | 859 |
| 15 | cigarette (70-75 mm filter) | M | 1024 | 1116 |
| 16 | cigarette (75-85 mm filter) | M | 1336 | 1456 |
| 17 | cigarette (Above 85 mm filter) | M | 1868 | 2055 |
| 18 | Readymade Tobacco Gutkha & Pan masala | kg | 420 | 462 |
| 19 | Lime Tobacco | kg | 230 | 253 |
| 20 | Sweet nuts & others | kg | 155 | 171 |
| 21 | **Molases** | Qutl. | 50 | 55 |
| 22 | **cyder Domestic product** | ltr | 108 | 119 |
| 23 | **Raw Materials of Liquor,Rum, whisky, wine, vodka, Brandy Including spirit** | Ltr. | 115 | 127 |

| | आ.व. २०७३।०७४ | आ.व. २०७४।०७५ |
|---|---|---|
| २४ | अनएसेम्वल्ड अवस्थाका र अन्य (तयारी टेलिभिजन) मोल प्रतिशत ५ | अन्य रंगीन मोल प्रतिशत १० |
| २५ | विद्युतिय माध्यमबाट चल्ने सवारी साधनहरुमा अन्तःशुल्क लाग्ने छैन । | खारेज । |
| २६ | मोटरसाइकलको स्थानीय उत्पादनमा पचास प्रतिशत र अन्य सवारी साधनको स्थानीय उत्पादनमा लाग्ने अन्तःशुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ । | एसेम्बल्ड गरी सवारी साधन उत्पादन गर्ने उद्योगले अनएसेम्बल्ड अवस्थाका सवारी साधन पैठारी गर्दा लाग्ने अन्तःशुल्क र त्यस्ता उद्योगले उत्पादन गरेको तयारी साधन विक्री गर्दा लाग्ने अन्तःशुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ । |
| २७ | उद्योगले पैठारी गर्ने शीर्षक ७२.१३ को उप-शीर्षक ७२१३.९१.१० को ः। M.S. Wire Rod in Coil कच्चा पदार्थमा उद्योग विभागको सिफारिशमा अन्तःशुल्क छुट दिइनेछ । | उद्योगले पैठारी गर्ने शीर्षक ७२.१३ को उप-शीर्षक ७२१३.९१.१० को ः। M.S. Wire Rod in Coil कच्चा पदार्थमा अन्तःशुल्क छुट दिइनेछ । |

नेपाल सरकार
अर्थ मन्त्रालय
# आन्तरिक राजस्व विभाग
(नीति विश्लेषण शाखा)

फोन नं. ४४१५८०२
४४१५८०३
४४१९७१९
४४१४५६४
एक्सटेन्सन २२०, २१७
फ्याक्स नं. ४४११७८८

Website: www.ird.gov.np

प.सं.:२०७४/७५ लाजिम्पाट, काठमाडौ

च. नं. ६

मिति: २०७४।०४।११

विषय : पूजीगत लाभकर सम्बन्धमा संसोधित व्यवस्था ।

श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर,
श्री आन्तरिक राजस्व कार्यालय सबै,
श्री करदाता सेवा कार्यालय सबै ।

उपर्युक्त विषयमा हाल प्रयोग गरिदै आएको जग्गा तथा घरजग्गा नि:सर्गमा भएको पूजीगत लाभको घोषणा फारम प्राकृतिक व्यक्तिको लागि मात्र भएकोमा निकायको लागि समेत छुट्टै घोषणा फारम स्वीकृत गरी देहाय बमोजिमको परिमार्जित व्यवस्थासाथ उक्त घोषणा फारम र अग्रिम कर असुलीको विवरण फारम संलग्न गरी कार्यान्वयनको लागि श्री भूमिसुधार तथा व्यवस्थापन विभागलाई च.नं.२, मिति २०७४।०४।०४ को पत्रबाट पत्राचार गरिसकिएको हुदा सम्बन्धित मालपोत कार्यालयबाट सो निर्णय बमोजिम भए/नभएको अवस्थाको आवश्यक अनुगमनको लागि आदेशानुसार अनुरोध छ । परिमार्जित पूजीगत लाभको घोषणा फारम तथा अग्रिम कर असुलीको विवरण फारम यसै पत्रसाथ संलग्न छन् ।

१) पूजीगत लाभमा अग्रिम कर गणना गर्ने प्रयोजनको लागि जग्गा विकास खर्च दाबी गर्न नदिने र भवन निर्माणको लागतको हकमा सम्बन्धित गाउपालिका वा नगरपालिकाबाट सो भवन निर्माण सम्पन्न भएको मितिको मूल्याङ्कन बमोजिम हुने लागत मात्र घटाई पूजीगत लाभ र करको गणना गर्नुपर्ने ।

२) मालपोत कार्यालयमा घटाउन नपाएको जग्गा विकास खर्च र भवन निर्माण खर्च निसर्गकर्ताले आय विवरण दाखिला गरी दाबी गर्न सक्ने ।

३) प्रत्येक मालपोत कार्यालयले अग्रिम कर असुल गरी सो को विवरण आयकर ऐन,२०५८ को दफा ९५क. को उपदफा (८) बमोजिम प्रत्येक महिना समाप्त भएको पच्चीस दिनभित्र विभागले तोकेको तरिका र ढाचामा सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा पठाउनुपर्ने ।

४) एक करोड रूपैयाभन्दा वढी रकमको खरिद विक्री भएको भए खरिदकर्ता तथा विक्रेता दुवैले अनिवार्य रूपमा स्थायी लेखा नम्वर उल्लेख गर्नुपर्ने ।

(प्रमोद कुमार श्रीवास्तव )
शाखा अधिकृत

# आर्थिक वर्ष २०७३/७४ मा संकलन भएको राजस्वको अवस्था

नेपाल स
अर्थ मन्त्र
आन्तरिक राज
आ.व. २०७३/७४ को असार महिनास

| क्र.सं. | कार्यालय | आयकर | | बहालकर | | व्याज कर | |
|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | असुली | लक्ष्य | असुली | लक्ष्य | असुली |
| १ | आन्तरिक राजस्व कार्यालय, भद्रपुर | ८५०४७७ | ९९८९५० | ५११६७ | ५९१२४ | ६५४७७ | ६८६७९ |
| २ | आन्तरिक राजस्व कार्यालय, विराटनगर | ११९१०४६ | १२०४३६० | ७५९५४ | ८३७७८ | ४५५८० | ४७२२० |
| ३ | आन्तरिक राजस्व कार्यालय, धरान | ९७२९०० | १२२३९९६ | ५९१६२ | ६०६७९ | ५५४४३ | ४७६२३ |
| ४ | आन्तरिक राजस्व कार्यालय, जनकपुर | ७६७८७१ | ७७९६८७ | ४०९२० | ६३७९६ | ५२५८० | ४४४३६ |
| ५ | आन्तरिक राजस्व कार्यालय, लहान | ४७८२५३ | ६०६३२८ | २३७७७ | ४२५७३ | २७८४७ | २७८५७ |
| ६ | आन्तरिक राजस्व कार्यालय, सिमरा | ३५४९६७ | ३९३८०० | १६२०९ | २६९०८ | १६८४७ | १५७४१ |
| ७ | आन्तरिक राजस्व कार्यालय, वीरगन्ज | ६६८३०५ | ८१८०१८ | ५४८५६ | ५२४२१ | ३००५८ | २०२५२ |
| ८ | आन्तरिक राजस्व कार्यालय, हेटौंडा | ३१२२०२ | ४५०६९१ | १९७१८ | २३४८३ | २०८०० | २४९६१ |
| ९ | आन्तरिक राजस्व कार्यालय, भरतपुर | ९९७६७८ | १२६३०३५ | ७९०४६ | ९२२७० | ५८९९३ | ६१५०२ |
| १० | आन्तरिक राजस्व कार्यालय, धनगढी | ६०६३३९ | ६३८७४८ | ३९०४५ | ४३४४१ | २६७९२ | २१५१० |
| ११ | आन्तरिक राजस्व कार्यालय, महेन्द्रनगर | ३६८२२६ | ३८६३९४ | २२३२८ | ३३५४७ | १६९५८ | १८३९८ |
| १२ | आन्तरिक राजस्व कार्यालय, पोखरा | २१४०८८४ | २२२७७०४ | १२९२५४ | १७६०२८ | २३६६७९ | २०७६४८ |
| १३ | आन्तरिक राजस्व कार्यालय, ललितपुर | ३७७८६४६ | ४४५७३४४ | ३१३२१४ | ३५२६५९ | २६३१४२ | २४११२९ |
| १४ | आन्तरिक राजस्व कार्यालय, भैरहवा | ७८०४८४ | ८४९७५० | ३४२६१ | ३७७५२ | ५२५९३ | ४११९१ |
| १५ | आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं. ३ | १५४५१३४ | १९५८५९२ | १२५०६७ | ११२९५९ | ५००३७ | ७२७२६ |
| १६ | आन्तरिक राजस्व कार्यालय, नेपालगन्ज | ११०२४२१ | ११०४४३५ | ७८४८१ | ७६३१२ | ४९५९६ | ५०१३५ |
| १७ | आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं. १ | २४४३३३४ | २६२३९९६ | २११२१६ | १७६०१५ | १३८६९८ | १६२०७२ |
| १८ | आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं. २ | १७४०६४६ | २०७०६८२ | ८०८०१ | ८४२१९ | ९४८५८ | ७६६०७ |
| १९ | आन्तरिक राजस्व कार्यालय, भक्तपुर | १३०११७७ | १६८४४३८ | ८६०९७ | ११७७०५ | २०९७३७ | २१६०९५ |
| २० | आन्तरिक राजस्व कार्यालय, कृष्णनगर | २२५४७९ | २६३५४६ | ११८६६ | १४१५० | ६६१२ | ११२०७ |
| २१ | आन्तरिक राजस्व कार्यालय, बुटवल | ८४३५०३ | १०९७१९८ | ७२०३८ | ७३४०८ | १०२४१५ | ९७३६७ |
| २२ | आन्तरिक राजस्व कार्यालय, दाङ | ६०८८४२ | ५६४६६५ | ५०८४५ | ५६५७८ | ३०९८० | २३३५७ |
| २३ | ठूला करदाता कार्यालय | ७८८८५५९५ | ९५३०८८५५ | ८०८५६६ | ८३३९५१ | ६९९८८५५ | ६१३४७६१ |
| २४ | करदाता सेवा कार्यालय, टंगाल | १२८८०७५ | १२४९२५३ | ११८२२६ | ११९७९६ | २८८९० | ५११७० |
| २५ | करदाता सेवा कार्यालय, महाराजगंज | ८२४३११ | ९०४२४४ | १४४७३९ | १७१९८४ | ८९३४७ | ५३७२५ |
| २६ | करदाता सेवा कार्यालय, बालाजु | ४८५४६१ | ५३५८६४ | ८५१७४ | ८५९०८ | ५९६८८ | ५६५११ |
| २७ | करदाता सेवा कार्यालय, कलंकी | ३३३४११ | ४२५११२ | ४१७६५ | ५६८०८ | ४५२५३ | ५३५७० |
| २८ | करदाता सेवा कार्यालय, कालीमाटी | ९८३९२९ | १०५१५४१ | ६८३३४ | ८०९९४ | ५७६९५ | ५५९५६ |
| २९ | करदाता सेवा कार्यालय, पुतलीसडक | १९९७२८२ | २१००३०८ | १९९८१८ | १९२३३७ | ११४०५३ | १५९०४१ |
| ३० | करदाता सेवा कार्यालय, नयां वानेश्वर | ८९८९२८ | १०६०१२५ | ११५४९९ | १२८८२१ | ९४८८१ | १४२८५६ |
| ३१ | करदाता सेवा कार्यालय, वत्तीस पुतली | १६४५२४४ | १८२७१२८ | ९९६०० | १०४४०९ | ३००७२ | १८५१४ |
| ३२ | करदाता सेवा कार्यालय, चावहिल | ६९१९३४ | ९४२७२० | ७६४०५ | ८४९४१ | ५८७२३ | ६४५२२ |
| ३३ | करदाता सेवा कार्यालय, कोटेश्वर | २१२६२८ | २१८८७१ | ४७५७२ | ५२२९३ | ३८६३० | ३१३३१ |
| ३४ | करदाता सेवा कार्यालय, त्रिपुरेश्वर | ८४८०७९ | १०६५९१७ | १०९७४४ | ११७८६३ | १६२८७३ | ४१७१३ |
| ३५ | करदाता सेवा कार्यालय, न्यूरोड | ६३९७३८ | ७६१७१६ | ११०९६६ | १०८१२० | १०२१२८ | ८७०४० |
| ३६ | करदाता सेवा कार्यालय, ठमेल | ३७६४०० | ४७५३११ | ५०६८० | ६१९८२ | ४६२९० | ४४७५२ |
| ३७ | जम्मा | ११४१८९८२९ | १३५५९३३२१ | ३७५२४१० | ४०६००११ | ९५८०१०० | ८५९३१७३ |

रकार
ालय
स्व विभाग
म्मको राजस्व संकलन रु हजारमा

# आर्थिक वर्ष २०७३/७४ मा संकलन भएको राजस्वको अवस्था

| मूअक (आन्तरिक) | | अन्तःशुल्क (आन्तरिक) | | स्वास्थ्य सेवा | | शिक्षा सेवा शुल्क | | कूल | |
|---|---|---|---|---|---|---|---|---|---|
| लक्ष्य | असुली | लक्ष्य | असुली | लक्ष्य | असुली | लक्ष्य | असुली | लक्ष्य | असुली |
| ६७९९५५ | ६१७३३६ | ११५१२० | २३७३७५ | २३०५६ | ३८६३६ | ११२९५ | ११५१५ | १७९६५४७ | २०३१६१५ |
| १००१८१७ | १०३८०७६ | १८७१९०२ | १९३८७३७ | ८५९६१ | ८५१३९ | १५७०३ | १५२९३ | ४२८७९६३ | ४४१२६०३ |
| ८९२०३४ | ८१३९३२ | ६२५२०० | ८७२२९६ | ६१३८ | ८१५१ | ९०२६ | १०१४९ | २६१९९०३ | ३०३६८२६ |
| ५२४८५३ | ५१६२७३ | ५२७१३८ | ५३१६२३ | १२५५५ | ९०९५ | १०५८१ | १०६०३ | १९३६४९८ | १९५५५१३ |
| ३१८५७७ | ३१२५२० | ४८३३५८ | ३७६२६७ | २७५८ | २२३२ | ६४७४ | ६६२९ | १३४१०४४ | १३७४४०६ |
| ४१३३५२ | ५०१४२२ | ६२५२६४६ | ६१५२८८८ | ५७७ | ११८१ | १२२० | २४२६ | ७०५५८१८ | ७०९४३६६ |
| ७३६६०० | ७२८२६७ | ३०८३४४० | २९८०४४६ | १५७७२ | १३९५९ | १६९७७ | ६७१९ | ४६०६००८ | ४६२००८२ |
| ४५११८६ | ४१५८२० | १५५३८३७ | १४४४४८० | ३११ | ३६४३ | ४५०५ | ३७०४ | २३६२५५९ | २३६६७८२ |
| ९००९२३ | ९७२९८४ | १२६५४८२९ | १४२३७८९४ | १२४९१८ | ५९३५७ | २१३९८ | २१५०० | १४८३७७८५ | १६७०८५४२ |
| ५०१२८८ | ४८१५०८ | ७६५४६० | ८०८६८३ | १९११ | २४२८ | ५९५३ | ५९०४ | १९४६७८८ | २००२२२२ |
| ३२५३४१ | ३३४२१८ | १३४१७४ | १९६२१६ | १०३ | ५९५ | ३५१९ | ५४५६ | ८७०६४९ | ९७४८२४ |
| १००१९३० | ९९८४५७ | ३३५२३८७ | ३२४७२८४ | ६१६४५ | ६९८६७ | ४१८२९ | ३९९६४ | ६९६४६०८ | ६९६६९५२ |
| २०९९९२८ | २१५३०६८ | १०३२३२५ | ९४८९९१ | १०२९२३ | १०५६२९ | ५५४२९ | ४६५३६ | ७६४५६०७ | ८३०५३५६ |
| ८४३०५२ | ७४४६६३ | ५८०८१७७ | ५८५०१२९ | ४२५३ | ३५७५ | ७१८९ | ८२८७ | ७५३०००९ | ७५३५३४७ |
| २२५४७१६ | १८३१४११ | ० | ७९९७ | ५९७८९ | ५६६३६ | १००८१ | १०५२० | ४०४४८२४ | ४०५०८४१ |
| ५८४८८८ | ६३६२३८ | ५१११४१ | ७१६४३८ | ४०६७७ | ३९१४५ | २१०५७ | १८४२२ | २३८८२६१ | २६४११२५ |
| २३२५०६४ | २१६४३०० | ० | १७७९ | ५२०९४ | ५१८५९ | ३४४२७ | ३०२८१ | ५२०४८३३ | ५२१०३०२ |
| ८४६२१२ | ९३५३८५ | ० | ० | १९३८२ | १३३८८ | ९२९ | २०८८ | २७८२८२८ | ३१८२३६९ |
| ८०७१०० | ८७१०४० | २४४८५४ | २४४०१९ | १३६३९ | १०८१५ | १७१५६ | १४५७६ | २६७९७६० | ३१५८६८८ |
| ३०७०२६ | २५४८२० | ४४७३५८ | ४६८५१९ | ५१७ | १११० | ९०५ | ३०४३ | ९९९७६३ | १०१६३९५ |
| ७४७१९१ | ९१६०९८ | २८२३८८४ | ३०२०३१६ | २९६०३ | ३००२८ | २०१०८ | १८७३८ | ४६३८७४२ | ५२५३१५३ |
| २९५१७७ | ३२८४८६ | ९३२४७ | १९८०३४ | ३२६२ | ३९३९ | ७६९२ | ७६२९ | १०९००४५ | ११८२६८८ |
| ३६१९१०७८ | ३६८९०९१६ | ० | २६१४९ | ० | ५०९२६ | ८५४६७ | २०७९७० | १२२९६९५६१ | १३९४५३५२८ |
| २७०३४५ | ४३१२७१ | ७९७५ | ४७४९ | ३१४३६ | १७६५२ | ८९२९ | ७८१३ | १७५३८७६ | १८८१७०४ |
| ३८५०८८ | ५४११७९ | १२२२५ | १९५६२ | ५८८६२ | ३१३०५ | २७५८२ | २४६०७ | १५४२१५४ | १७४६६०६ |
| ३११४८३ | ३७७४४४ | १७१२९२९ | १७५०१९६ | ६२७० | २२५६ | १३०७५ | ९०७४ | २६७४०८० | २८१७२५३ |
| २५१२१७ | ४१०२११ | २४२०१२ | २३३५०६ | ४४५९ | ३६३० | १४२५३ | ६८९३ | ९३२३७० | ११८९७३० |
| २४५९१७ | ३७०६४८ | १०८२६ | ११९४८ | ८६७२ | ४७९८ | ८४४३ | ५५३२ | १३८३८१६ | १५८१४१७ |
| ६५९१३५ | ९५८०६५ | १४३२८ | १३९११ | २४३३५ | १५३३७ | १९७८७७ | १२०२०१ | ३२०६८२८ | ३५५९२०० |
| ६५२९३७ | ७७४७६८ | ७२८९ | ७२८८ | २३०१७ | १६११० | २३२६७ | १६९६९ | १८१५८१८ | २१४६९३७ |
| १९०६२४ | ३४३०२९ | ९१८६ | ४५८४ | ४५२८३ | ३३९३९ | १६४१५ | १३९६५ | २०३६४२४ | २३४५५६८ |
| २५०१८८ | २६४०३१ | ४७९४६ | ३५१३४ | ८४५८९ | ३३१९७ | १९३२३ | १३१०९ | १२२९१०८ | १४३७६५४ |
| १५६५४८ | २४०६९३ | ५५५३४७ | ६०२०४१ | १०६२ | २०७० | ५३६४ | ५५६४ | १०१७१५१ | ११५२८६३ |
| ४९१३२६ | ५५६२०१ | ३३१६ | ३७०३ | १०८०६ | ३८०२५ | १०९७२ | ६५१२ | १६३७११६ | १८२९९३४ |
| २७४४०० | २६७३३१ | १८००० | १९५२४ | १८५५ | १६६७ | ६२३ | ५२० | ११४७७१० | १२४५९१८ |
| १४०२५८ | १३१६४८ | ३३७६ | २६९० | ६४५३ | २०४७ | १२०५ | १०८० | ६२४६६२ | ७१९५१० |
| ५९३२८७५४ | ६११२३७५८ | ४५०२५२३२ | ४७२१५३९७ | ९६८९४३ | ८६३३६३ | ७५६२४८ | ७३९७९० | २३३६०१५१६ | २५८१८८८१३ |

# तोकिएको लक्ष्य पूरा गर्न महानिर्देशक कार्कीको निर्देशन



आन्तरिक राजस्व विभागका महानिर्देशक श्री किशोर जङ्ग कार्कीले साउन १० गते आन्तरिक राजस्व विभागमा आयोजित वार्षिक समीक्षा कार्यक्रममा काठमाडौं उपत्यकाभित्रका ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालयका प्रमुखहरुलाई निर्देशन दिनुहुँदै वितेको आर्थिक वर्षमा चुनौतिपूर्ण लक्ष्य पूरा भएकोमा विभागको महानिर्देशकको तर्फबाट वधाई दिनुभएको छ ।

कर प्रशासनले परिश्रमका साथ काम गरेकै कारण लक्ष्य पूरा गर्न सफल भएको बताउनुहुँदै चालु आर्थिक वर्षको लागि तोकिएको लक्ष्य पनि चुनौतिपूर्ण रहेकोले मेहनत गर्न निर्देशन दिनुभयो । आन्तरिक राजस्व विभागलाई चालु आर्थिक वर्षका लागि ३ सय अर्ब राजस्व संकलन गर्नुपर्ने लक्ष्य तोकिएकोले सो चुनौति पूरा गर्नका लागि आजैबाट सक्रिय भएर लागि पर्न महानिर्देशक श्री कार्कीले निर्देशन दिनुभयो ।

कार्यक्रममा महानिर्देशक श्री कार्कीले वक्यौता असुलीको लागि निरन्तर प्रयास गरिरहेमा मात्र सफलता हात पर्ने भएकाले करदाताको नियमित सम्पर्क गर्न निर्देशन दिनुभयो । श्री कार्कीले कार्य योजना बनाएर बजार अनुगमन गर्न निर्देशन दिनुहुँदै विभागले के सहयोग गर्नुपर्‍यो, विभाग सहयोग गर्न तयार रहेको बताउनुभयो । राजस्व प्रशासनलाई आम सर्वसाधारणले हेर्ने दृष्टिकोण राम्रो नभएकाले राजस्व प्रशासनमा काम गर्ने प्रत्येक कर्मचारीको क्रियाकलाप सदाचारयुक्त हुनुपर्ने महानिर्देशक श्री कार्कीले निर्देशन दिनु भयो । महानिर्देशक कार्कीले आगामी आर्थिक वर्षको लक्ष्य पूरा गर्न सफलता मिलोस् भन्नुभयो ।

कार्यक्रममा उपमहानिर्देशक श्री चन्द्रकला पौडेलले सिंगो कर प्रशासनले मेहनतका साथ कार्य सम्पादन गरेका कारण राजस्व असुली पूरा गरेकोमा कर परिवारलाई बधाई दिनुभयो ।

उपमहानिर्देशक श्री राजेन्द्रकुमार पौडेलले लक्ष्य पूरा भएकोमा सम्पूर्ण कर प्रशासनका कर्मचारीलाई बधाई दिनुहुँदै उहाँले अन्तशुल्कजन्य उद्योगहरु चलेको अवस्थामा अन्तःशुल्क असुलीमा समस्या नहुने बताउनुभयो। अन्तःशुल्क प्रशासनमा नयाँ विशेषता सहितका स्टिकरहरुको प्रयोग भएको सन्दर्भमा स्टिकरको प्रयोग प्रभावकारी रुपमा भए नभएको अनुगमन गर्न निर्देशन दिनुभयो ।

उपमहानिर्देशक श्री धनिराम शर्माले राजस्व असुलीका हिसावले गत वर्ष अनुकूल रहेको बताउनुहुँदै २६ प्रतिशतको वृद्धिदर हासिल भएको बताउनुभयो । आगामी आर्थिक वर्षका लागि पनि कार्यालयको कार्य सम्पादनमा असर नपर्ने गरी लक्ष्य विभाजन गरिएको बताउनुहुँदै श्री शर्माले घर जग्गाको पूजीगत लाभकरबाट राम्रो प्रगति भएको जानकारी दिनुभयो । उहाँले पूँजीगत लाभकरमा अझै चुहावट भएको आशंका व्यक्त गर्नुहुँदै संभावना भएका क्षेत्रहरुमा कर प्रशासन पुग्न नसकेको बताउनुभयो । प्रभाव छाड्ने गरी बजार अनुगमन गर्न तथा विगतका कमी कमजोरीलाई सुधार्दै अगाडि बढ्न निर्देशन दिनुभयो ।

सूचना प्रविधि विज्ञ श्री प्रेमशरण श्रेष्ठले प्रगति प्रतिशत पुऱ्याउने भूमिकामा सूचना प्रविधिको महत्वपूर्ण योगदान रहेको बताउनुहुँदै अन्तःशुल्कजन्य स्टिकरको व्यवस्थापनका लागि स्टिकर म्यानेजमेन्ट सिस्टमलाई सफल बनाउन यसलाई तुरुन्तै लागू गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

अन्तशुल्क शाखाका निर्देशक श्री राजकुमार खतिवडाले विभागले साउन ८ देखि अत्याधुनिक अन्तःशुल्क स्टिकरको प्रयोग गर्न शुरुवात् गरेकोमा बाँकी रहेका पुराना स्टिकर प्रयोग भएका मदिराहरुलाई ४ महिना भित्रमा बजारबाट हटाउन अनुगमन गरिदिन आग्रह गर्नुभयो ।

कार्यक्रममा अनुगमन शाखाका निर्देशक श्री अर्जुनप्रसाद भट्टराईले चालु तथा विगत तीन वर्षहरुको असार मसान्तसम्मको आयकर, मू.अ.कर, अन्तःशुल्क संकलनको अवस्था र प्रवृत्तिवारे प्रस्तुती गर्नु भएको थियो ।

आ.व. २०७३/७४ मा दर्ता भएका करदाताहरुमा व्यवसायिक स्थायी लेखा नम्बर १,०५,९१५, व्यक्तिगत स्थायी लेखा नम्बर ८६,८६१, मूल्य अभिवृद्धि करमा १६,८३३, अन्तःशुल्क (नविकरण वाहेक) १३,४४४ रहेको जानकारी दिनुभयो । त्यसैगरी २०७३/७४ सम्ममा व्यावसायिक स्थायी लेखा नम्बर लिनेमा ९,३४,६५८, व्यक्तिगत स्थायी लेखा नम्बर लिनेमा ६,८८,४२०, मूल्य अभिवृद्धि कर तर्फ १,७६,८९१, अन्तशुल्क दर्ता र नविकरण तर्फ ५४,६५७ रहेको जानकारी दिनुभयो ।

२०७३/७४ मा गरिएका मुख्य मुख्य कार्यहरुमा निर्देशिका तर्जुमा, परिमार्जन तथा प्रकाशन, आयकर, मू.अ.कर, दीर्घकालीन करार, मालवस्तु आन्तरिक ओसार पसार, न्यून बिजकीकरण भएका वस्तुहरुको खरिद सम्बन्धी निर्देशिका, २०७३ स्वीकृत भएको, मूल्य अभिबृद्धि करमा दर्ता भएका सबै करदाताले रु. १ लाख भन्दा बढीको खरिद विक्रीको विवरण कर विवरणसाथ पेश गर्नुपर्ने व्यवस्था श्रावण महिना देखिनै लागू गरिएको, कर छुट पाउने संस्थाको अभिलेख व्यवस्थित गरी सूचना प्रविधिमा आवद्ध गर्ने कार्य शुरु भएको, बारम्बार सोधिने कर सम्बन्धी जिज्ञासा (Frequently Asked Questions) लाई परिमार्जन गरिएको र थप ९ ओटा कार्यालयमा बैंक काउण्टर स्थापना गरिएको बताउनुभयो ।

त्यसैगरी Mobile Apps, SMS system को शुरुवात गरिएको, अन्तःशुल्क अटोमेशन, शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा करको सफ्टवेयर तयार गरिए कार्यान्वयनमा ल्याई सकिएको, उपलब्ध तथ्यांक विश्लेषणको आधारमा करदाता छनौट गरी कर परीक्षण

# राजस्व संकलन २६ प्रतिशतले वृद्धि

आर्थिक वर्ष २०७३/०७४ असार महिनासम्मको राजस्व संकलनको लक्ष्य रु. २ खर्व ३३ अर्व ६० करोड १५ लाख १७ हजार रहेकोमा रु. २ खर्व ५८ अर्व १७ करोड ४९ लाख ८५ हजार संकलन भई लक्ष्यको तुलनामा १११ प्रतिशतको प्रगति भएको छ भने गत वर्षको तुलनामा २६ प्रतिशतले वृद्धि भएको छ । शिर्षकगत रूपमा हेर्दा आयकर तर्फ रु. १ खर्व ४८ अर्व २३ करोड ६० लाख ८६ हजार, मूल्य अभिवृद्धि कर रु. ६१ अर्व १२ करोड ३ लाख ८५ हजार र अन्तःशुल्क तर्फ रु. ४७ अर्व २१ करोड ५४ लाख २३ हजार संकलन भएको छ। सो रकम लक्ष्यको तुलनामा आयकर तर्फ ११६ प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फ १०३ प्रतिशत र अन्तशुल्क तर्फ १०५ प्रतिशत हो । त्यसैगरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर क्रमश: रु. ७३ करोड ९७ लाख २५ हजार र रु. ८६ करोड ३३ लाख ६६ हजार संकलन भएको छ। शिक्षा सेवा शुल्क तर्फ लक्ष्यको तुलनामा ९८ प्रतिशत र स्वास्थ्यसेवा कर तर्फ लक्ष्यको तुलनामा ८९ प्रतिशत संकलन भएको छ । गत वर्षको तुलनामा आयकर वृद्धिदर २७ प्रतिशत, मूल्य अभिवृद्धि कर वृद्धिदर २३ प्रतिशत, अन्तशुल्कको वृद्धिदर ३० प्रतिशत, स्वास्थ्य सेवा कर वृद्धिदर २० प्रतिशत र शिक्षा सेवा शुल्क वृद्धिदर ३१ प्रतिशत रहेको छ । आन्तरिक राजस्व विभागले आर्थिक वर्ष २०७३/७४ को बार्षिक लक्ष्यभन्दा ११ प्रतिशतले बढी राजस्व संकलन गर्न सफल भएको छ ।

तथा अनुसन्धान गर्न कार्यालयमा पठाईएको, Non- Filer व्यवस्थापन सम्बन्धी अध्ययन गरी प्रतिवेदन प्राप्त भएको, ITS तर्फ System Audit सम्पन्न भएको र Ncell को पूंजीगत लाभमा कर निर्धारण सम्पन्न भएको बताउनुभयो ।

चालु आ.व.को नीति तथा कार्यक्रमहरुमा एकिकृत कर संहिताको मस्यौदा तयार गर्ने, दोस्रो पञ्च वर्षीय रणनीतिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याउने, कर विवाद समाधानको संरचनाका निमित्त अपनाउनु पर्ने प्रकृयाको मस्यौदा तयार गर्ने, बिद्युत्तीय ब्यापार (e-commerce) को करारोपणको लागि बिद्यमान ऐन, नियमहरुमा गर्नुपर्ने सुधार सम्बन्धमा आवश्यक सिफारिस गर्ने, कर छुट पाउने संस्थाको अभिलेख व्यवस्थित गरी सूचना प्रविधिमा आवद्ध गर्ने, वार्षिक रु १ करोडसम्मको कारोबार गर्ने तोकिएका करदाताले आफ्नो आय विवरण आफै प्रमाणित गर्ने व्यवस्था कार्यान्वयनमा ल्याउने, मूल्य अभिबृद्धि कर विवरण फाराममा खरीद, बिक्री बिजकको जम्मा संख्या उल्लेख गर्ने व्यबस्था गर्ने, करदाताको प्रकृति अनुसार आय विवरणको साथ पेश गर्नु पर्ने कागजातको ढाचा अद्यावधिक गर्ने, राजस्व संकलन गर्दै आएका बैंकहरुको जुनसुकै शाखाबाट विद्युतीय माध्यमबाट कर दाखिला हुने व्यवस्थाको सुरुवात गर्ने विषयको चर्चा गर्नु भएको थियो ।

त्यसैगरी भुक्तानीमा कर कट्टी गर्ने व्यक्तिहरुलाई स्थायी लेखा नं. प्रदान गर्ने, सबै किसिमका व्यवसायहरुलाई समेट्ने गरी परिमार्जित व्यावसायीक संकेत तयार गरी लागु गर्ने, आन्तरिक राजस्व विभागको सूचना प्रविधि सम्बन्धी नीति तयार गर्ने, चलचित्र विकास शुल्क सम्बन्धी सफ्टवेयर तयार गर्ने विषय उल्लेख गर्नुभएको थियो ।





त्यसैगरी आयकर छुट सुविधा सम्बन्धी पुस्तिका तयार गर्ने, आर्थिक क्रियाकलाप विस्तार भएका क्षेत्रमा मोबाइल करदाता शिक्षा कार्यक्रम संचालन गर्ने, माध्यमिक तहको पठ्यक्रममा नेपालको कर प्रणाली सम्बन्धी बिषयलाई समावेश गर्ने सम्बन्धमा समन्वय गर्ने, ऐन, नियम संग्रह अध्यावधिक गरी प्रकाशन गर्ने, परिपत्रहरुको संगालो प्रकाशन गर्ने, पूंजिगत लाभकर निर्देशिका परिमार्जन गरी प्रकाशन गर्ने, सुराकी खर्च कार्यविधिको मस्यौदा तयार गर्ने, दर्ता खारेजी सम्बन्धी सरलीकृत कार्यविधी निर्माण गर्ने, कुटनीतिक र आयोजनाहरुको मू.अ.कर फिर्ता सम्बन्धी कार्यविधि तयार गर्ने, अन्त:शुल्क निर्देशिका परिमार्जन गर्ने विषयको उल्लेख गर्नु भएको थियो ।

कम्प्युटर बिजक सम्बन्धी कार्यविधि, २०७१ मा समसामयिक संशोधन गर्ने, तोकिएको भन्दा माथिको कारोबार गर्ने करदाताहरुले अनिवार्य रुपमा विद्युतीय प्रणालीबाट बिजक जारी गर्नुपर्ने व्यवस्था गर्ने, वेरुजु अभिलेखलाई विद्युतीय माध्यममा आवद्ध गर्ने, कर परीक्षण छनौटका सूचकहरु परिमार्जन गर्ने, चालु आर्थिक वर्षको कर परीक्षण प्रतिवेदन र अग्रिम करकट्टि परीक्षण प्रतिवेदन परिमार्जन गरी लागू गर्ने, संशोधित कर निर्धारण आदेश स्वचालित रुपमा कम्प्यूटर प्रणालीबाट नि:सृत हुने सफ्टवेयर निर्माण गरी लागू गर्ने, Sticker व्यवस्थापनमा Track and Trace प्रणाली लागू गर्ने सम्बन्धमा अध्ययन गरी प्रारम्भिक कार्य अगाडी बढाउने, बियरको प्रत्येक बोतलमा अन्त:शुल्क स्टिकर लगाउने व्यवस्थाको कार्यान्वयन गर्ने, अन्त:शुल्क प्रयोगशाला स्थापना गर्ने, अन्त:शुल्कजन्य पदार्थमा खाद्य संहिता (Food code) तयार गरी लागू गर्न समन्वय गर्ने विषय उल्लेख गर्नु भएको थियो ।

सहभागी प्रमुख कर अधिकृतहरुले स्कुल, कलेजहरुले संचालन गरेका होस्टल तथा क्यान्टिनलाई मूल्य अभिवृद्धि करमा दर्ता गर्नुपर्ने, घर बहाल करका सम्बन्धमा स्थानीय निकाय र कर प्रशासनबीच कसको कार्य क्षेत्र हो स्पष्ट नभएका विषय उल्लेख गरिएको थियो ।

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**आन्तरिक राजस्व विभाग**

## रोजगारी (पारिश्रमिक) आयको कर गणनाको सूचना

आयकर नियमावली २०५९ को नियम २३ बमोजिम निर्धारणयोग्य आय आर्जन गर्न चाहने जुनसुकै व्यक्तिले त्यस्तो आय आर्जन गर्नु अगावै स्थायी लेखा नम्बर प्राप्त गरिसक्नुपर्ने प्रावधान रहेको हुँदा रोजगारीको आय प्राप्त गर्नु हुने सवै व्यक्तिले स्थायी लेखा नम्बर लिनु हुन र पारिश्रमिक भुक्तानीमा आयकर ऐन, २०५८ अनुसूची १ को दफा १ बमोजिम निम्नानुसार कर गणना गर्दा हुन आउने वार्षिक कर रकमलाई मासिक रुपमा विभाजन गरी पारिश्रमिक भुक्तानीको समयमा कट्टी गरी समयमै दाखिला गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कर गणना गर्ने तरिका

| बासिन्दा प्राकृतिक व्यक्ति (एकलका लागि) | बासिन्दा प्राकृतिक व्यक्ति (दम्पतीको लागि) |
|---|---|
| १. वार्षिक रोजगारीको करयोग्य आयको पहिलो रु. तीन लाख पचास हजार रुपैयासम्म एक प्रतिशत । | १. वार्षिक रोजगारीको करयोग्य आयको पहिलो रु. चार लाखसम्म एक प्रतिशत । |
| २. वार्षिक तीन लाख पचास हजार रुपैया भन्दा बढी तर चार लाख पचास हजार रुपैयासम्मको हकमा पन्ध्र प्रतिशत । | २. वार्षिक चार लाख रुपैया भन्दा बढी तर पांच लाख रुपैयासम्मको हकमा पन्ध्र प्रतिशत । |
| ३. वार्षिक चार लाख पचास हजार रुपैया भन्दा बढी तर पच्चीस लाख रुपैयासम्मको हकमा पच्चीस प्रतिशत । | ३. वार्षिक पांच लाख रुपैया भन्दा बढी तर पच्चीस लाख रुपैयासम्मको हकमा पच्चीस प्रतिशत । |
| ४. वार्षिक पच्चीस लाख रुपैया भन्दा बढीको करयोग्य आय हुनेको हकमा पच्चीस लाख रुपैया सम्मका लागि माथि बुंदा ३ मा उल्लेख भएबमोजिम र सो भन्दा बढीको करयोग्य आय हुनेको हकमा पच्चीस प्रतिशतका दरले हुने रकम र सो रकममा थप चालीस प्रतिशतका दरले अतिरिक्त कर लाग्ने । | ४. वार्षिक पच्चीस लाख रुपैया भन्दा बढीको करयोग्य आय हुनेको हकमा पच्चीस लाख रुपैया सम्मका लागि माथि बुंदा ३ मा उल्लेख भएबमोजिम र सो भन्दा बढीको करयोग्य आय हुनेको हकमा पच्चीस प्रतिशतका दरले हुने रकम र सो रकममा थप चालीस प्रतिशतका दरले अतिरिक्त कर लाग्ने । |

### द्रष्टव्य : वार्षिक रु. एक करोड आय प्राप्त हुने व्यक्तिको कर गणनाको उदाहरण

| बासिन्दा प्राकृतिक व्यक्ति (एकलका लागि) | बासिन्दा प्राकृतिक व्यक्ति (दम्पतीको लागि) |
|---|---|
| १. वार्षिक रोजगारीको करयोग्य आयको पहिलो रु. तीन लाख पचास हजार रुपैयासम्म एक प्रतिशतका दरले कर लाग्ने रु......... ३५००। | १. वार्षिक रोजगारीको करयोग्य आयको पहिलो रु. चार लाखसम्म एक प्रतिशतका दरले कर लाग्ने रु....... ४०००। |
| २. वार्षिक तीन लाख पचास हजार रुपैया भन्दा बढी तर चार लाख पचास हजार रुपैयासम्मको हकमा पन्ध्र प्रतिशतका दरले कर लाग्ने रु....... १५०००। | २. वार्षिक चार लाख रुपैया भन्दा बढी तर पांच लाख रुपैयासम्मको हकमा पन्ध्र प्रतिशतका दरले कर लाग्ने रु........ १५०००। |
| ३. वार्षिक चार लाख पचास हजार रुपैया भन्दा बढी तर पच्चीस लाख रुपैयासम्मको हकमा पच्चीस प्रतिशतका दरले कर लाग्ने रु........ ५,१२,५००। | ३. वार्षिक पाच लाख रुपैया भन्दा बढी तर पच्चीस लाख रुपैयासम्मको हकमा पच्चीस प्रतिशतका दरले कर लाग्ने रु......... ५,००,०००। |
| ४. पच्चीसलाख रुपैया भन्दा वढिको रु पचहत्तर लाखमा पच्चीस प्रतिशतले हुने रु........ १८,७५,०००। | ४. पच्चीसलाख रुपैया भन्दा वढिको रु पचहत्तर लाखमा पच्चीस प्रतिशतले हुने रु........ १८,७५,०००। |
| ५. आयकर ऐन २०५८ को अनुसुचि १ को दफा १(घ) वमोजिम पच्चीसलाख माथिको रु पचहत्तर लाखमा पच्चीस प्रतिशतले हुने रु अठार लाख पचहत्तर हजारको थप चालिस प्रतिशतले हुने अतिरिक्त कर रु ....... ७,५०,०००। | ५. आयकर ऐन २०५८ को अनुसुचि १ को दफा १(घ) वमोजिम पच्चीसलाख माथिको रु पचहत्तर लाखमा पच्चीस प्रतिशतले हुने रु अठारलाख पचहत्तर हजारको थप चालिस प्रतिशतले हुने अतिरिक्त कर रु ........ ७,५०,०००। |
| जम्मा कर रु....... ३१,५६,०००। | जम्मा कर रु....... ३१,४४,००० |

छुट हुने रकमहरु

१. पारिश्रमिक आय हुने व्यक्तिलाई दुर्गम भत्ता वापत आयकर नियमावली २०५९ को नियम ३८ बमोजिम "क" वर्गका क्षेत्रमा रु. ५० हजार रुपैयां "ख" वर्गमा रु. ४० हजार रुपैयां "ग" वर्गका क्षेत्रमा रु. ३० हजार, "घ" वर्गका क्षेत्रमा रु. २० हजार र "ङ" वर्गका क्षेत्रमाः रु. १) हजार रुपैयाँ थप वार्षिक करयोग्य आयमा कर छुट हुने ।

२. नेपाल सरकारका विदेश स्थित कुटनीतिक नियोगमा कार्यरत कर्मचारीको वैदेशिक भत्ताको ७५ प्रतिशत रकम करयोग्य आयबाट घटाई वांकी आयमा करको गणना गर्नुपर्ने।

३. बासिन्दा प्राकृतिक व्यक्तिको निवृत्तभरण आयको हकमा करछुट हुने रकमको सीमामा २५ प्रतिशत रकम (हाल ३ लाखको २५ प्रतिशतले ७५ हजार) गरी रु ३ लाख र ७५ हजार छुट गरी वाँकी आयमा करको गणना गर्नुपर्ने। तर निवृत्तभरण वापतको आयमा कर गणना गर्ने तरिका को सि.नं. १ अनुसारको एक प्रतिशत कर लाग्ने छैन ।

४. अवकास योगदान गर्दा तीन लाख रुपैया वा निर्धारणयोग्य आयको एक तिहाई मध्ये जुन घटी छ सोही रकम आफ्नो करयोग्य आयवाट घटाउन पाउने । जस्तै माथिको वार्षिक आय रु १ करोडमा एक तिहाई रकम रु ३३ लाख ३३ हजार ३ सय ३३ मात्र हुन्छ । तर तीन लाख रुपैया वा एक तिहाई जुन घटी हुन्छ सोही रकम करयोग्य आयवाट घटाउन पाउने भएकोले तीन लाख करयोग्य आयवाट घटाउन पाउने ।

५. अपांग बासिन्दा प्राकृतिक व्यक्ति वा दम्पतिको हकमा कर छुट हुने आयमा ५० प्रतिशत रकम थप गरि करयोग्य आयबाट घटाई करको गणना गर्नुपर्ने । जस्तै माथिको वार्षिक आय रु १ करोड हुने अपांग व्यक्ति वा दम्पत्ति भएमा प्राकृतिक व्यक्तिको हकमा पहिलो २,५०,००० मा १ प्रतिशत कर लाग्ने र २५०००० को पचास प्रतिशत रु १,२५,००० मा कर छुट हुने । त्यस्तै दम्पत्तिको हकमा पहिलो तिन लाखमा १ प्रतिशत कर लाग्ने र सो को पचास प्रतिशत रु १,५०,००० मा कर छुट हुने ।

६. पारिश्रमिक आय मात्र भएको बासिन्दा प्राकृतिक व्यक्ति महिला भएमा कुल कर रकममा १० प्रतिशत छुट हुने। जस्तै माथिको आयमा करको गणना गर्दाको कर रु ३१,८०,००० मा १० प्रतिशत रु ३,१८,००० छुट हुंदा वाँकी रु २८,६२,००० मात्र दाखिला गर्नुपर्ने। तर महिलाले दम्पत्ती छनोट गरेको रहेछ भने सो १० प्रतिशत छुट नपाउने।

७. लगानी वीमा प्रिमियम कट्टी वार्षिक वीमा प्रिमियम वा बीस हजार रुपैयांमा जुन घटी हुन्छ सोही रकम करयोग्य आयवाट घटाई करको गणना गर्नुपर्ने ।

८. बासिन्दा बीमा कम्पनीसंग स्वास्थ्य बमि गरेको रहेछ भने सो बापत भुक्तानी गरेको बार्षिक प्रिमियम वा बीस हजार रुपैयांमा जुन घटी हुन्छ सो रकम करयोग्य आयबाट घटाई बांकी रहने रकममा मात्र करको गणना गर्नुपर्ने ।

९. औषधी उपचार वापत रु ७५० मात्र कर मिलान गर्न सकिने छ ।

१०. कुनै एक व्यक्तिले एक भन्दा बढी सुविधा पाउने भएमा अधिकतम सुविधाको कुनै एक जस्तो महिला, अपांग छ भने महिला वा अपांग कुनै एकको सुविधा छनौट गरी छुट लिन पाउने छ ।

नेपाल सरकार

अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

लाजिम्पाट, काठमाडौंको

## भुक्तानीमा कर कट्टी गरिएको करको विवरण र कर दाखिला गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

आयकर ऐन, २०५८ ले रोजगार दाताले रकम भुक्तानी गर्दा, लगानी प्रतिफल र सेवा शुल्कको भूक्तानी गर्दा, आकस्मिक लाभको भूक्तानी गर्दा र ठेक्का वा करारको भूक्तानी गर्दा भूक्तानीकर्ताले कर कट्टी (अग्रिम कर कट्टी) गर्नुपर्ने रकम अग्रिम कर कट्टी गरी प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूमा विवरण र कट्टी गरिएको रकम दाखिला गर्नुपर्ने व्यवस्था रहेको विदितै छ। साथै भूक्तानीकर्ताले कागजात नराखेमा वा विवरण दाखिला नगरेमा, झुठा वा भ्रमपूर्ण विवरण दाखिला गरेमा तथा ऐन, नियमका व्यवस्थाको पालना नगरेमा शुल्क लाग्ने र तोकिएको मिति सम्म कर दाखिला नगरेमा व्याज लाग्ने कानूनी व्यवस्था रहेको छ। तसर्थ, उपरोक्त कानूनी व्यवस्था बमोजिम भूक्तानी गर्दा कर कट्टी गर्ने जिम्मेवारी भएका व्यक्तिहरूले कानूनमा तोकिएको समयमा अनिवार्य रुपमा कर कट्टी गर्नुहुन र कर कट्टी गरिएको विवरण तथा कर कट्टी रकम दाखिला गरी हिसाब फरफारक गर्नुहुन यो सूचना गरिएको छ।

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभागको

## मदिराजन्य र सूर्तीजन्य वस्तुको विक्री वितरण सम्वन्धी सूचना

अन्तःशुल्क ऐन, २०५८ वमोजिम होटल तथा रेष्टुरेन्ट व्यवसायी बाहेक मदिराको कारोवार गर्ने व्यवसायीले मदिरा र सूर्तीजन्य वस्तुको मात्र कारोवार गर्न पाउने व्यहोरा सवैलाई विदितै छ। उक्त व्यवस्था एवं देहायका शर्तहरुको पूर्ण परिपालना गर्नु गराउनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

१. इजाजतपत्र लिएर मात्र सूतीर्जन्य र मदिराजन्य वस्तुको कारोवार गर्ने,
२. ऐनले तोकेको म्यादभित्र इजाजतपत्र नवीकरण गर्ने,
३. इजाजतपत्र सबैले देख्ने गरी कारोवार स्थलमा राख्नु पर्ने,
४. बिहान १० बजे देखि राति १० बजेसम्म मात्र मदिरा बिक्री वितरण गर्नुपर्ने,
५. अठार वर्ष उमेर नपुगेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्न नपाइने,
६. मदिरा खरिद बिक्री गर्नेले मदिरा खरिद बिक्री गरेको वीजक राख्नुपर्ने
७. अन्तःशुल्क स्टीकर टांस भएका मदिराजन्य तथा सूर्तीजन्य वस्तु मात्र बिक्री गर्नुपर्ने,

अन्तःशुल्क टिकट टाँस नभएको मदिराजन्य तथा सूर्तीजन्य वस्तु खरिद बिक्रीको लागि राखेको पाइएमा त्यस्तो वस्तु जफत गरी बिक्रेतालाई कानून बमोजिम दण्ड जरिवाना गरिनुका साथै कसैले अन्तःशुल्क ऐन २०५८ को वर्खिलाप हुने गरी अन्य वस्तु संगै मदिराजन्य वस्तु बिक्री वितरण गरेमा पहिलो पटक रु १०,००० (दशहजार) र त्यसपछि प्रत्येक पटकको लागि रु २०,००० (विसहजार) जरिवाना हुने व्यहोरा समेत जानकारी गराइन्छ। अतः उक्त कानूनी व्यवस्थाको पूर्ण परिपालना गरी सजायवाट वचौ। कसैले यस व्यवस्था विपरित व्यवसाय गरेको देखिएमा आन्तरिक राजस्व विभाग तथा नजिकको आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय वा कोष तथा नियन्त्रक कार्यालयमा जानकारी गराईदिनु हुन अनुरोध गरिन्छ।

# अवैध रूपमा बिक्री वितरण भैरहेको सूर्तिजन्य पदार्थ जफत गरी अनुसन्धान शुरु




काठमाडौं । आन्तरिक राजस्व विभागबाट खटिएका कर्मचारी र करदाता सेवा कार्यालयको संयुक्त टोलीले राजधानीका विभिन्न पान पसलहरुमा जेठ ५ गते शुक्रवार एकै समयमा अनुगमन गरेको छ । विभिन्न ब्राण्डका पान मसला सूर्ती, गुट्खा, खैनी लगायतका वस्तु राजस्व नतिरी अनधिकृत तवरबाट आयात गरी बिक्री वितरण गरिरहेको सूचनाका आधारमा अनुगमन गरिएको हो । नेपालमा राजस्व तिरेर सञ्चालन गरिरहेका सूर्तिजन्य उद्योगलाई प्रत्यक्ष असर पार्ने गरी अनाधिकृत रुपमा सूर्तिजन्य पदार्थको कारोवार भएको जानकारी हुनासाथ सो नियन्त्रण गर्न तथा राजस्व चुहावट नियन्त्रण गर्न विभाग सक्रिय भएको छ । आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयले अनुसन्धानका क्रममा तालिकामा उल्लेखित पसलहरुमा अनुगमन गरेको थियो । आन्तरिक राजस्व विभागबाट खटिएको टोलीलाई सूर्ती, खैनी, गुट्खा, पान मसलामा स्टीकर टाँस भए नभएको र स्वास्थ्य सम्बन्धी चेतावनीमूलक सन्देश र चित्र अंकित भए नभएको हेर्ने, नियमानुसार नभएको देखिए जफत गर्ने अधिकार प्राप्त थियो । त्यसैगरी सूर्ति, खैनीको ४ सय ग्रामको आउटर प्याकेट गुट्खा, पान मसला, माउथ फ्रेसनरको १५० ग्रामको आउटर प्याकेट नभए जफत गर्ने तथा पसलबाट छिरेर गोदामसम्म पुग्न निर्देशन दिइएको थियो । टोलीले अनुगमन गर्दा विभिन्न ब्राण्डका अवैध सूर्ती, खैनी, गुट्खा तथा अवैध रुपमा भित्रिएको ब्ल्याक (Black) ब्राण्डको चुरोट समेत फेला पारी कब्जामा लिई कारवाही अगाडि बढाएको छ ।

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| १. | राजेश पान भण्डार | सुन्धारा |
| २. | बालाजी कस्मेटिक एण्ड पान भण्डार | भोटेवहाल |
| ३. | शिवम सप्लायर्स | भोटेवहाल |
| ४ | गौरी शंकर पान पसल (वेदर्तावाल) | भोटेबहाल |
| ५ | नववर्ष पान भण्डार | आलोकनगर, गेटसंगै |
| ६ | कलंकी माई पान | कलंकी |
| ७ | न्यू सन्ध्या ट्रेड कन्सर्न | कुलेश्वर |
| ८ | रवि गुप्ता | बालाजु औद्योगिक गेट अगाडि |
| ९ | गुप्ता पान | लगनखेल, प्रयाग पोखरी |
| १० | पशुपति पान | चावहिल गणेश मन्दिर |

बांकी १ पेजको बांकी...

९२ प्रतिशत र अन्तशुल्क तर्फ १०४ प्रतिशत हो । त्यसैगरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर क्रमश: रु. ११ करोड ४५ लाख ७५ हजार र रु. २१ करोड २८ लाख २६ हजार संकलन भएको छ । शिक्षा सेवा शुल्क तर्फ लक्ष्यको तुलनामा ८९ प्रतिशत र स्वास्थ्यसेवा कर तर्फ लक्ष्यको तुलनामा ७० प्रतिशत संकलन भएको छ । गत वर्षको तुलनामा आयकर वृद्धिदर २७ प्रतिशत, मूल्य अभिवृद्धि कर




वृद्धिदर २६ प्रतिशत, अन्तशुल्कको वृद्धिदर २४ प्रतिशत, स्वास्थ्य सेवा कर वृद्धिदर २९ प्रतिशत र शिक्षा सेवा शुल्क वृद्धिदर १५ प्रतिशत रहेको छ । आन्तरिक राजस्व विभागकालाई आर्थिक वर्ष २०७४/७५ का लागि २ खर्व ९९ अर्व ९१ करोड ३७ लाख ४५ हजार लक्ष्य तोकिएको छ ।

# Internet बाट TDS भर्नको लागि तलका चरणहरु प्रयोग गर्नुपर्ने हुन्छ

Step- 1 आन्तरिक राजस्व विभागको वेभ साटइ www.ird.gov.np मा गएर Taxpayer Portal मा click गर्नुहोस् ।

Step- 2 E-TDS मा Click गर्नुहोस ।

Step-3 सब्मिशन नं. लिने फारम भन्ने बटममा Click गर्नुहोस ।

Step-4 सब्मिशन नम्बर लिने फारममा प्रयोगकर्ताको नाम, पासवर्ड, पुनः पासवर्ड, आफ्नो संस्था (रोजगारदाता) को स्था.ले.नं. प्रविष्टि गर्नुहोस । यदि आफ्नो संस्थाको Withholder Pan No नभएमा Withholder name मा आफ्नो संस्थानको नाम entry गर्नुहोस् । IRO Name मा सम्बन्धित कार्यालयको नाम छान्नुहोस् । यसका साथै इमेल, फोन नं., ठेगाना, भौचर मिति तथा कुन मिति देखि कुन मिति सम्मको अग्रिम कर हो सो को मिति प्रविष्टि गरी Register मा Click गर्नुहोस

Step-5 त्यसपछि Registration मा Click गरेर Transaction Number पाउनु हुन्छ । तपाई सफलतापूर्वक रजिष्टर हुनु भयो भनी सब्मिशन नं., प्रयोगकर्ताको नाम, विथहोल्डरको नाम लगायत अघि फारममा भरिएको विवरण स्क्रिनमा देखिन्छ । सब्मिशन नं., प्रयोगकर्ताको नाम र पासवर्ड टिप्नुहोस ।

Step-6 ट्रान्ज्याक्सन button मा click गर्नुहोस । सबै विवरण भरेर प्रत्येक रिकर्ड समाप्त भएपछि Add गर्दै जानुहोस् । प्यान नभएमा Name मा कट्टी हुने व्यक्तिको नाम राख्दै जानुहोस् । धेरै व्यक्तिको रेकर्ड एकैचोटी अपलोड गर्न दिइएको नमुना अनुसार Exel file मा डाटा बनाई अपलोड गर्नुहोस् ।

Step-7 ट्रान्ज्याक्सन सम्बन्धी सम्पूर्ण विवरण प्रविष्टि गरि सकेपछि Save गर्दै जानु पर्छ । एक पटक Log out भै सकेपछि Save गरिएको विवरण मात्र पुनः आफैले हेर्न वा थपघट गर्न सकिन्छ । Save गरिएको विवरण पुनः हेर्न वा संशोधनको लागि Withholder Log in मा गएर Withholder User र Password प्रयोग गर्नुपर्ने हुन्छ ।

Step- 8 ट्रान्ज्याक्सन सम्बन्धी सम्पूर्ण प्रविष्टि गरी सके पछि स्क्रिनको माथिल्लो भागमा भौचर भर्ने फारम भन्ने बटममा Click गर्नुहोस । भौचर सम्बन्धी विवरण भर्ने फारममा राजस्व शिर्षक नं., भौचर नं., तिरेको प्रकार (नगद, बैंक), रकम दाखिला मिति, आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयको नाम (जुन कार्यालय अन्तर्गको बैंक खातामा रकम जम्मा गर्नुभएको छ), बैकको शाखा र टि.डि.एस. रकम प्रविष्टि गरी प्रत्येक रेकर्ड समाप्त भएपछि ब्मम बटममा Click गर्दै जानुहोस ।

Step-9 भरेको विवरण ठीक छ छैन हेर्नको लागि Print Preview मा Click गर्नुहोस ।

Step-10 प्रविष्टि भएका विवरणहरु गलत भएमा Edit Button ( )मा Click गरी संशोधन गरी Update Button मा Click गरी पुनः सम्पादन गर्नुहोस् ।

Step-11 सम्पूर्ण विवरण प्रविष्टि गरि सकेपछि विवरण सही छ भने Submit button मा Click गर्नुहोस् । यसरी Submit गरि सकेको विवरण Withholder User र Password बाट पुनः संशोधन गर्न सकिदैन ।

Step-12 प्रविष्टि गरिएका सबै विवरण ठीक भएमा दुई प्रति प्रिन्ट गरेर सम्बन्धित कम्पनीको आधिकारिक व्यक्तिको हस्ताक्षर र कम्पनीको छाप लगाई सम्बन्धित भौचरको छायाँ प्रति समेत संलग्न गरी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा एक प्रति Verify का लागि पेश गर्नुहोस् र अर्को प्रति आफ्नो कम्पनीमा राख्नुहोस् ।

### व्यक्तिको आफ्नो कर कट्टि (e-TDS) विवरण Internet बाट हेर्ने तरिका

आफ्नो नाममा कुनै कम्पनी वा कार्यालयले काटेको कर कट्टी रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गरे नगरेको सजिलैसँग घरबाटै Internet बाट निम्न बमोजिम हेर्न सकिन्छ । यसरी विवरण हेर्नलाई व्यक्तिको प्यान नं. लिएको र कम्पनीले सो रकम e-TDS विवरण भरि Verify गरेको हुनुपर्दछ ।

- आन्तरिक राजस्व कार्यालयबाट Username र Password लिनुहोस् ।
- आन्तरिक राजस्व विभागको वेभ साइटमा गएर Taxpayer Portal मा गई e-TDS मा Click गर्नुहोस् ।
- Withholdee login मा Click गर्नुहोस् ।
- PAN, Username र Password राख्नुहोस् ।
- कर कट्टी भएको अवधि Entry गर्नुहोस् ।
- तपाइको विवरण हेर्न वा छाप्न सकिन्छ ।

आन्तरिक राजस्व विभाग
Inland Revenue Department
करदाताको सेवामा समर्पित
गौरवका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर
Toll Free NO: 16600140000

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

# एस.एम.एस. सेवा शुरु भएको सम्बन्धी सूचना

आन्तरिक राजस्व विभागले संचालनमा ल्याएको एस.एम.एस. प्रणालीबाट तपशील बमोजिमका सेवाहरु प्रदान गरिएका छन् । Registration info र Help बाहेक अन्य सेवाहरु सम्बन्धीत स्थायी लेखा नम्बरको एकीकृत कर प्रणालीमा रहेको मोबाइल नम्बरबाट मात्र उपलब्ध हुने व्यवस्था गरिएको छ ।

**तपशील**

| S.N. | Service Name | Method | Response |
|---|---|---|---|
| 1 | Registration Info (Available to public) | Type REG PAN and SMS to 32024(E.g. REG 304567895) | ABC Company Pvt. Ltd IT Reg: 2064.09.08 VAT Reg: 2064.09.08 |
| 2 | Estimate Return Status | Type EST PAN FiscalYear and SMS to 32024 (eg. EST 304567895 2071.072) | Estimated Returns For Period 2071.072 is Submitted. |
| 3 | IT Return Status | Type RETIT PAN FiscalYear and SMS to 32024(e.g. RETIT 304567895 2071.072) | IT Returns For FY 2071.072 Has Been Submitted. |
| 4 | VAT Return Status | type RETVAT PAN TaxYear PeriodType Period and SMS to 32024(e.g. RETVAT 304567895 2073 M 1) | VAT Returns For Period 2071 M 1Has Been Submitted. |
| 5 | Excise Return Status | type RETEX PAN TaxYear PeriodType Period and SMS to 32024 (e.g. RETEX 304567895 2071 M 1) | Excise Returns For Period 2071 M 1 Is Not Submitted Yet. |
| 6 | Payment | type PMT PAN VoucherNo and SMS to 32024 (e.g PMT 304567895 249561) | Date:2073.06.01 Amount:10000.00 Payment for: VAT |
| 7 | Arrear | type ARR PAN and SMS to 32024(e.g. ARR 304567895 ) | Excise: 0 IncomeTax: 10000 VAT: 5000 |
| 8 | Help | Type HELP and SMS to 32024 | Reg - Registration Retit - Income Tax Return Retvat - Vat Return PMT - Voucher Payment Arr - Arrear Est - Estimated Return |

**पुनश्चः** हाललाई एस.एम.एस. सेवा नेपाल टेलिकमका प्रयोगकर्ताहरुले प्रयोग गर्न सक्नेछन् ।

**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
किशोर जङ्ग कार्की

**संयोजन**
दीपक अधिकारी

**सल्लाहकार**
चन्द्रकला पौडेल
राजेन्द्रकुमार पौडेल
प्रेमशरण श्रेष्ठ

**सम्पादन समूह**
देवनारायण पौडेल
अर्जुनप्रसाद भट्टराई
शिवलाल तिवारी
उमेशराज रिमाल
शिवहरि न्यौपाने